# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः ११ | प्रकाशन मितिः २०८०।०९।१३ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०९।११ | | |


**भाग-२**

**बुद्धशान्ति गाउँपालिका**

**सम्बत २०८० सालको कार्यविधि नं. ११**

# बुद्धशान्ति गाउँपालिकाको कर्मचारी इन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८०

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारीहरुको मनोबल उच्च राखी सरल, सहज, र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन तथा सवारी मर्मत सम्बन्धि मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले बुद्धशान्ति गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७८ को दफा ४ को अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाको मिति २०८०।०९।११ गते बसेको बैठकले यो मापदण्ड स्वीकृत गरि जारी गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम बुद्धशान्ति गाउँपालिकाको कर्मचारीको इन्धन तथा सवारी मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या**

क. "कर्मचारी" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत प्राबिधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।

ख. "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ग. "स्वकीय सचिवालय" भन्नाले गाउँ पालिका अध्यक्ष र उपाध्यक्षको सचिवालयलाई जनाउँछ ।

घ. "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

## परिच्छेद-२

## इन्धन सुविधा सम्बन्धी व्यबस्था

**३. ईन्धन सुविधाः**

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयको कामकाजमा खटिइरहेका प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसुची १ बमोजिमको इन्धन तथा सवारी मर्मत सम्बन्धि सुविधा उपलब्ध गराउन सकिनेछ ।

ख. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुक र सबारी चालक अनुमतिपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ । ब्लुबुक र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको प्रतिलिपि पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराइने छैन ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

घ. स्वकीय सचिवालयका कर्मचारीहरुले उपशाखा/इकाई प्रमुख सरहको कर्मचारीले पाउने बराबरको इन्धन तथा मर्मत सुविधा प्राप्त गर्नेछन् ।

ङ. मापदण्ड भन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयको बिनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्टयाईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ ।

च. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

छ. अनुसुची १ मा तोकिएको इन्धनः सुविधा पाउने कर्मचारीलाई १५ दिनभन्दा बढी समय विदामा बसेमा उक्त महिनामा गैरहाजिर रहेको दिनको अनुपातमा इन्धन सुविधा कटौती गरिनेछ । लगातार एक महिनाभन्दा बढी समय विदामा बस्नुपरेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

ज. शसर्त अनुदान तथा कार्यक्रम अन्तर्गत कार्यरत रहेका कर्मचारीहरुले सम्बन्धित कार्यक्रम मार्फत इन्धन तथा सवारी मर्मत शिर्षकमा विनियोजित बजेटबाट यसै मापदण्ड बमोजिम इन्धन तथा मर्मत सुविधा उपलब्ध गराइनेछ ।

झ. तोकिएको कोटाको ईन्धन सुविधा प्रत्येक महिनाभित्र बुझिलिनुपर्नेछ ।

ञ. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ ।

ट. इन्धन तथा मर्मत सम्बन्धि अभिलेख  कार्यालयको जिन्सी उपशाखाले राख्नुपर्नेछ ।

ठ. कार्यालयले इन्धन तथा मर्मत शिर्षकमा विनियोजन गरेको रकमले उल्लेखित मापदण्ड अनुसारको इन्धन तथा मर्मत कार्य गर्दा अपुग भएमा वा बजेट कटौति भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले उल्लेखित मापदण्ड बमोजिमको सुविधा कटौति वा स्थगित गर्न बाधा गर्ने छैन ।

## परिच्छेद-३
## संशोधन, खारेजी र बचाउ

**४. संशोधन, खारेजी र बचाउ**

क. यस मापदण्डमा भएको व्यवस्था आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

ख. यस अघि कार्यालयले उपलब्ध गराएको इन्धन तथा मर्मत खर्च समेत यसै बमोजिम भए/गरेको मानिनेछ ।

## अनुसूची-१

नियम ३ को उपनियम (क) संग सम्बन्धित

कर्मचारीहरुको लागि मासिक इन्धन तथा मर्मत सुविधा

| सि.नं. | तह/पद/जिम्मेवारी | परिमाण (मासिक) | मर्मत खर्च (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | पेट्रोल २० लिटर सम्म | वार्षिक १५,०००/- सम्म | |
| २ | शाखा प्रमुख/ वडा सचिव | पेट्रोल १२ लिटर सम्म | वार्षिक १०,०००/- सम्म | |
| ३ | अन्य अधिकृत स्तरका कर्मचारी/ उपशाखा/ ईकाइ प्रमुख | पेट्रोल १० लिटर सम्म | वार्षिक १०,०००/- सम्म | |
| ४ | नियमित फिल्डमा खटिने कर्मचारी | पेट्रोल १५ लिटर सम्म | वार्षिक १५,०००/- सम्म | |
| ५ | सहायक स्तर अन्य कर्मचारी | पेट्रोल ६ लिटर सम्म | वार्षिक ४,०००/- सम्म | |
| ६ | ह.स.चा./कार्यालय सहयोगी तथा अन्य कर्मचारी | पेट्रोल ५ लिटर सम्म | वार्षिक २५००/- सम्म | |

तर,

१. सरकारी नम्बर प्लेटका साना तथा ठूला सवारी साधनहरुलाई लगबुक राखि आवश्यकता अनुसार इन्धन तथा मर्मत गर्न बाधा पर्नेछैन ।

२. सरकारी नम्बर प्लेटका २ चक्के सवारी साधनहरु आवश्यकता अनुसार मर्मत गर्न बाधा पर्ने छैन ।

३. उपशाखा प्रमुख अधिकृतस्तरको कर्मचारी भएमा शाखा प्रमुख सरह इन्धन उपलब्ध गराइनेछ ।

४. लामो कार्यालय विदा परेको वा विदा बसेको समयमा तोकिएको बमोजिमको मात्रामा इन्धन सुविधामा कटौती गर्न कार्यालयलाई बाधा पर्ने छैन ।

५. फिल्डमा खटाइने/कार्यालय समयभन्दा बढी समय कामकाज गर्नुपर्ने ह.स.चा./कार्यालय सहयोगी लगायतका अन्य कर्मचारीहरुलाई आवश्यकताको आधारमा अनुसूची-१ बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ ।

आज्ञाले,

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत